बैठक मितिः २०८१/०८/०४

**बैठक संख्याः ०५/२०८१-०८२ का प्रस्ताव तथा निर्णयहरू**

**प्रस्तावहरूः**

प्रस्ताव नं. १ - गहुँको बिउ खरिद सम्बन्धमा।

प्रस्ताव नं. २ - विविध सम्बन्धमा ।

**निर्णयहरूः**

निर्णय नं. १

गत बैठकको निर्णयको समीक्षात्मक छलफल गरी कार्यान्वयन हुन नसकेका पक्षलाई अविलम्ब अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २

आ.व. २०८१-०८२ को संघीय सरकारबाट सर्सत हस्तान्तरित बजेटको शीर्षक नं. २.७.१५.५०२ मा रहेको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अनुसार शुद्धोदन गाउँपालिकाका कृषकहरूलाई बीउ विजन उत्पादन, आपूर्ति तथा व्यस्थापन निर्देशिका, २०७८ बमोजिम ५०% अनुदानमा रु १७,००,००० (सत्र लाख मात्र) बराबरको गहुँको बिउ सिलबन्दी दर भाउपत्रमार्फत खरिद भई वडा कार्यालय मार्फत वितरण भएको र तपसिलका वडाबाट पालिकाले उपलब्ध भएको गहुँको बिउ अत्यन्तै कम भएको र किसानको माग अत्याधिक भई उक्त बिउ वितरण गर्न अपुग भएका कारण वडाको बजेट शीर्षकबाट थप गहुँको बिउ मागसहित वडा कार्यालयको सिफारिस आएको र नयाँ सिलबन्दी प्रकृयामा जादा गहुँको बिउ छर्ने सिजन पनि समाप्त हुने र उक्त समयसम्म गहुँको बिउ पनि उपलब्ध नहुने हुँदा सिलबन्दी बोलपत्र स्वीकृत भएको श्री अन्नपूर्ण बीउ उत्पादक कृषि सहकारी संस्था शुद्धोदन-५, रुपन्देहीबाट सिलबन्दी बोलपत्र अनुसारको मूल्यमा गहुँको बिउ खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | वडा नं. | माग गरेको गहुँको परिमाण (के. जी.) | रकम रु ५०% अनुदानमा | भुक्तानी हुने शीर्षक र पेज नं. |
|---|---|---|---|---|
| १ | २ | ४८८० | २४९९०० | अगुवा कृषक तथा पशुपालन कृषकहरुलाई तालिम तथा विउ बिजन बितरण तथा प्रस्तावना माग भई आएका जनचेतना कार्यक्रम कृषि क्षेत्र । पेज नं. ९४ को सि. नं. १ |
| २ | ३ | ४६८० | १९८९०० | कृषकको लागि गहुँको बिउ बितरण कार्यक्रम । पेज नं. ९७ सि. नं. १ |
| ३ | ४ | ३४८० | १४७९०० | अन्य विविध खुद्रे योजना (भौतिक, सामाजिक विकास कार्यक्रम)। पेज नं. १०२ सि.नं. ८ |
| ४ | ४ | ५६०० | २३८००० | ५०% अनुदानमा धान, गहुँ, मकैको बिउ बितरण । पेज नं. १०५ सि. नं. २ |
| जम्मा | | | १९६४० | ८३४७०० |

**निर्णय नं. ३**

यस गाउँपालिकामा पेश हुन आएको निवेदन अनुसार सतिश चन्द श्रेष्ठ र चन्द्र लक्ष्मी श्रेष्ठको संयुक्त नाममा रहेको साविक सौ. फर्सीटिकर वडा नं. ८ "क" कित्ता नं. ४९५,४२,७३,८५,३५८ को सम्पूर्ण जगगाहरु र कित्ता नं. ३७३ मध्ये ०-१५-० पन्ध्र कठ्ठा जगगा श्रीनगर एग्रीटेक इन्डुस्ट्रिज लिमिटेडले खरिद गर्नुपर्ने भएकोले प्रदेश

बिज्जु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ (मिति २०८१/०३/३० मा प्रकाशित) को पेज नं. २९ को विविधको ४ नं. बमोजिम रजिस्ट्रेसन दस्तुर छुट लिनको लागि सम्बन्धित निकायको कार्यपालिकाले निर्णय गर्नुपर्ने भएको हुँदा उल्लेखित जग्गाहरु उधोग संचालन गर्ने प्रयोजनको लागि खरिद गर्न लागेको हुनाले खरिद राजस्व दस्तुरमा नियमानुसार छुटको लागि सिफारिस दिने निर्णय गरियो साथै श्रीनगर एग्रीटेक इन्ड्रस्ट्रिज लिमिटेडसँग भएको पूर्ववत नक्सा संसोधन सम्बन्धित प्रतिवेदन र फर्मको नाम संसोधनको बारेमा गा.पा. र फर्मको संयुक्त पहलमा १५ दिन भित्रमा समाधान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

वडा नं. ३ को सिफारिस बमोजिम बुद्धज्योति टोल विकास संस्था अन्तर्गत गुरुङ समाजको शवदाह स्थलमा झाडी बुट्यान बढेर समस्या परेको हुँदा इस्टिमेट अनुगमन रु.१२,०००/- (अक्षेरेपी रुवाह्र हजार मात्र) वन वातावरण तथा विपद व्यवस्थापन विकासतर्फको फोहोरमैला व्यवस्थापन शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

शुद्धोधन गाउँ शिक्षा समितिको बैठकको मिति २०८१/०७/१४ गतेको सिफारिस अनुसार तत्कालिन पश्चिमा अमवा ३ (हाल सियारी गा.पा. ६) लक्ष्मण गंजमा संचालित " मदर्सा अरबिया अहले सुन्नत मोहम्मदिया फैजुल वलुम" लाई शुद्धोधन गाउँपालिका वडा नं. ५ रेहरामा स्थानान्तरण गरी संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

साविक स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम नियुक्त भएका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

विष्णु बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

परम्परागत रुपमा चल्दै आएको ऐतिहासिक दर्वाह मेलामा खटिएका सुरक्षा कर्मीहरुको खानामा खर्च भएको रकम मध्ये रु.१८,०००/-(अक्षेरेपी रु अठार हजार मात्र ) विविध खर्च शिर्षक बाट दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

शुद्धोधन गाउँपालिकाको निजि जग्गाको ढुंगा, गिट्टी, बालुवा, भस्कट तथा माटो उत्खनन् व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७७ मा भएको व्यवस्थालाई कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु सवैले अक्षरस प्रभावकारी रुपमा पालना गराउनुका साथै जिल्ला स्तरीय बिसौ घुम्ती बैठकको निर्णयअनुसार कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत